# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

खण्ड ९ संख्या १५ स्थानीय राजपत्र भाग २ मिति २०८२।१२।३०

### वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनसम्बन्धी कार्यविधि २०८१ (संशोधन २०८२)

नगर कार्यपालिकाबाट पारित मिति २०८२।१२।२५

**प्रस्तावना**

घोराही उपमहानगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०८१" लाई संशोधन गर्न वान्छनीय भएकोले यो कार्यविधि संशोधन गरी लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम **वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि (पहिलो संशोधन)** २०८२ रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

**२. दफा ९ मा देहायको उपदफा (५) थप गर्ने**

**९(५)** वृत्ति मार्गनिर्देशन कार्यक्रमको सत्र सञ्चालन, अनुगमन, विद्यार्थी विवरण डाटावेशमा प्रविष्टि लगायतका कार्य गरेबापत सम्बन्धित प्र.अ., शिक्षक वा कर्मचारीलाई प्रचलित कानून बमोजिम भत्ता उपलब्ध गराउन सकिनेछ ।

**३. दफा १२ मा देहायको उपदफा (२) थप गरी उपदफा क्रम मिलाउने।**

**१२(२)** वृत्ति मार्गनिर्देशन कार्यक्रमको सत्र सञ्चालनका लागि आवश्यक कार्यपुस्तिका लगायतका सामग्री व्यवस्था गर्न उपमहानगरपालिकाले विद्यालयलाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

४. **दफा १३मा** कक्षा ९ को सट्टा **सत्र सञ्चालन हुने कक्षा बनाउने** र सो दफाको अन्त्यमा रहेको **गर्नुपर्नेछ** भन्ने शब्दावलीको सट्टा **गर्न सक्नेछ** भन्ने शब्दावली राख्ने।

**५. दफा १५ को उपदफा (१) मा कक्षा ९ र १० को सट्टा सत्र सञ्चालन हुने कक्षा बनाउने त्यसैगरी उपदफा २ पछि देहायको प्रतिबन्धात्मक वाक्यांस थप्ने**

तर विद्यालयमा ६ वटा सत्रमा सम्पन्न हुने गरी वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन र यसरी ६ वटा सत्रमा सम्पन्न हुने गरी कार्यक्रम गर्दा कक्षा ९ वा कक्षा १० मध्ये कुनै एक कक्षामा सत्र सञ्चालन गर्न सकिनेछ।

**६. दफा १५ को उपदफा (३) को सट्टा देहायको उपदफा राख्ने**

**१५(३)** वृत्ति मार्गनिर्देशन कार्यक्रम अन्तर्गतको रुचि, खुवी र क्षमता पहिचान गर्ने सत्रहरू लगातार रूपमा सञ्चालन गर्नुपर्नेछ र ती सत्रहरू सञ्चालन गर्दा साधन स्रोत उपलब्ध भएसम्म सरकारी वेब साइटमा रहेका वृत्ति मार्गनिर्देशनसम्बन्धी अनलाइन पोर्टल प्रयोग गर्न सकिनेछ ।

**७. दफा १७ को खण्ड ५ मा रहेको सामाजिक विकास महाशाखाबाट पेस भएको भन्ने वाक्यंश हटाउने।**

**८. दफा २७ को उपदफा (१) को सट्टा देहायको उपदफा राख्ने**

(१) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सम्पन्न भइसकेपछि सत्रमा सहभागी विद्यार्थीहरूको व्यक्तिगत विवरण र उनीहरूले छनौट गरेको वृत्तिसम्बन्धी विवरण अनलाइन डाटाबेसमा प्रविष्ट गर्न सकिनेछ। वृत्ति मार्गनिर्देशन शिक्षकले अनुसूची -७ बमोजिमको कार्यक्रम सम्पन्न प्रतिवेदन तयार गरी डाटाबेसमा विवरण प्रविष्टि गरिएको भए सोको विवरणसहित प्रधानाध्यापक समक्ष पेस गर्नु पर्नेछ।

**९. दफा २७ को उपदफा (२) मा अनुगमन गरेको भन्ने शब्दावली पछि भए थप्ने र दुबै वाक्यको अन्तिममा रहेको पर्दछ भन्ने शब्दको सट्टा पर्नेछ बनाउने।**

(२) प्रधानाध्यापकले आफुले अनुगमन गरेको **भए** विस्तृत विवरण खुलाई अनुगमन प्रतिवेदन तयार गर्नु **पर्नेछ** । साथै वृत्ति मार्गनिर्देशन शिक्षकबाट प्राप्त डाटाबेस विवरण र कार्यक्रम सम्पन्न प्रतिवेदन प्रमाणित गर्नु **पर्नेछ।**

**१०. मूल कार्यविधिमा भएको संशोधनबमोजिम अनुसूचीहरूमा समेत आवश्यक संशोधन गर्ने।**

आज्ञाले,

रामबहादुर हमाल

प्रमुख प्रशासकीय अधिकृत